# बुटवल उपमहानगरपालिका

बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


प.सं.०७९/०८०/प्र.शा./२०७.१.४
च.नं ५४५

मिति: २०७९/१०/१३

**बिषयः- निर्णयको प्रतिलिपि पठाइएको सम्बन्धमा ।**

**श्री नगरसभाका सदस्यज्यूहरु सबै**
**बुटवल उपमहानगरपालिका ।**

प्रस्तुत विषयमा यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षतामा मिति २०७९।०९।२१ र २०७९।१०।११ गतेका दिनमा बसेको नगरसभाको बाह्रौं अधिवेशनबाट पारित निर्णयहरु यसै साथ संलग्न राखी जानकारी एवं कार्यान्वयनका लागि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

७९/१०/१३
**हरिप्रसाद आचार्य**
**अधिकृत आठौं**

बोधार्थ
श्री प्रमुखज्यूको सचिवालय, बुटवल उपमहानगरपालिका ।
श्री उपप्रमुखज्यूको सचिवालय, बुटवल उपमहानगरपालिका ।
श्री महाशाखाहरु सबै, बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय ।
श्री वडा कार्यालयहरु सबै (१-१९), बुटवल उपमहानगरपालिका ।
श्री सूचना प्रबिधि तथा अभिलेख व्यवस्थापन शाखाः वेभसाइटमा अपलोड गरी दिनु हुन ।

बैठक नं.१२

आज मिति २०७९/०९/२१ गतेका दिन पूर्व सूचना बमोजिम बुटवल उपमहानगरपालिकाका प्रमुख एवं नगर सभाका अध्यक्ष श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरसभा सदस्यहरुको उपस्थितिमा नगरसभाको बाह्रौ अधिवेशनको पहिलो बैठक बसियो ।

समय: दिनको ३:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

**उपस्थिति:**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख/अध्यक्ष | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख/उपाध्यक्ष | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | शुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरिप्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिप कुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्र सिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | प्रेमशिला धोवी | सदस्य | |
| ३१ | अदिल अहमद | सदस्य | |
| ३२ | आईप्रसाद राई | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३३ | गंगा घिमिरे | सदस्य | |
| ३४ | कुमारीदेवी दर्नाल | सदस्य | |
| ३५ | सुमित गुरुङ्ग | सदस्य | |
| ३६ | गौतमलाल शाक्य | सदस्य | |
| ३७ | पवित्रादेवी श्रेष्ठ | सदस्य | |
| ३८ | रतिमाला वि.क. | सदस्य | |
| ३९ | अमृत खड्का | सदस्य | |
| ४० | हरिनारायण मिश्र | सदस्य | |
| ४१ | पुनम थापा | सदस्य | |
| ४२ | गोमा नेपाली | सदस्य | |
| ४३ | अरुणकुमार श्रेष्ठ | सदस्य | |
| ४४ | गफुर मियाँ | सदस्य | |
| ४५ | यमुना श्रेष्ठ | सदस्य | |
| ४६ | विन्दु वि.क. | सदस्य | |
| ४७ | अनिल गहतराज | सदस्य | |
| ४८ | श्याम बहादुर थापा | सदस्य | |
| ४९ | पम्फाकुमारी थापा | सदस्य | |
| ५० | तारा गहतराज | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ५१ | चिने श्रेष्ठ | सदस्य | |
| ५२ | प्रशान्त पाण्डे | सदस्य | |
| ५३ | तुल्सी विश्वकर्मा | सदस्य | |
| ५४ | सन्दिप खनाल | सदस्य | |
| ५५ | वीर बहादुर तामाङ्ग | सदस्य | |
| ५६ | सीता खनाल | सदस्य | |
| ५७ | सविता वि.क. | सदस्य | |
| ५८ | हरिहर ज्ञवाली | सदस्य | |
| ५९ | तुल बहादुर थापा | सदस्य | |
| ६० | इन्दिरा ज्ञवाली | सदस्य | |
| ६१ | माया परियार | सदस्य | माया |
| ६२ | सूर्य बहादुर कार्की | सदस्य | |
| ६३ | विवेश पुरी | सदस्य | |
| ६४ | यमुना काउचा | सदस्य | |
| ६५ | सनीसरा सार्की | सदस्य | सनी |
| ६६ | रमेश प्रसाद अधिकारी | सदस्य | |
| ६७ | मिन बहादुर सारु मगर | सदस्य | |
| ६८ | मायादेवी दमाई | सदस्य | माया |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ६९ | नकुल शाही ठकुरी | सदस्य | |
| ७० | युवराज राना | सदस्य | |
| ७१ | गंगा कुमारी वि.क. | सदस्य | |
| ७२ | गंगादत्त पौडेल | सदस्य | |
| ७३ | विष्णु बहादुर थापा | सदस्य | |
| ७४ | मन्दिरा देवी गौडेल | सदस्य | |
| ७५ | कृष्ण सुनार | सदस्य | |
| ७६ | लाल बहादुर गुरुङ्ग | सदस्य | |
| ७७ | झविन्द्र थापा | सदस्य | |
| ७८ | नरमदा खत्री | सदस्य | |
| ७९ | धनमाया सुनार | सदस्य | |
| ८० | राम प्रसाद पराजुली | सदस्य | |
| ८१ | हरि प्रसाद चौधरी | सदस्य | |
| ८२ | रमा पौडेल | सदस्य | |
| ८३ | मन्जु दर्जि | सदस्य | |
| ८४ | सूर्य प्रसाद काफ्ले | सदस्य | |
| ८५ | कुल प्रसाद लम्साल | सदस्य | |
| ८६ | विष्णुदेवी गैरे सापकोटा | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ८७ | सोमनाथ दंगोरिया | सदस्य | |
| ८८ | कुमबहादुर मर्चाह | सदस्य | |
| ८९ | देवीकुमारी दंगोरिया | सदस्य | |
| ९० | रेखा वि.क. | सदस्य | |
| ९१ | तुलसी बहादुर चौधरी | सदस्य | |
| ९२ | रामप्रसाद न्यौपाने | सदस्य | |
| ९३ | राधिका घर्ति मगर | सदस्य | |
| ९४ | अन्जु वि.क. | सदस्य | |
| ९५ | हरि प्रसाद सुवेदी | सदस्य | |
| ९६ | रिता थारु | सदस्य | |
| ९७ | लक्ष्मी थारु | सदस्य | |
| ९८ | सुन्ताना परियार | सदस्य | |
| ९९ | शेर बहादुर थापा | सदस्य | |
| १०० | लोकनाथ गोतामे | सदस्य | |
| १०१ | टेकराज पन्थी | सचिव | |

मिति : २०७९।०९।२१ गते बिहीवार ।
समय: दिनको ३:०० बजे ।
स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

**नगरसभाका उपाध्यक्षज्यू, सचिवज्यू, सदस्यज्यूहरु, वैठक व्यवस्थापनका लागि खटिएका कर्मचारी एवं पत्रकार मित्रहरु,**

अव म बुटवल उपमहानगरपालिका नगरसभाको बाह्रौ अधिवेशनको प्रथम वैठक प्रारम्भ भएको घोषणा गर्दछु ।

अव म ज्ञात अज्ञाते शहिदहरु प्रति सम्मान प्रकट गर्न आ-आफ्नो आसनबाट उठि एक मिनेट मौन धारणका लागि अनुरोध गर्दछु ।

**नगरसभाका उपाध्यक्षज्यू,**
**नगरसभाका सचिवज्यू,**
**नगरसभा सदस्यज्यूहरु,**
**बैठकलाई व्यवस्थित बनाउन खटिएका राष्ट्रसेवक कर्मचारी**

**एवम् सञ्चारकर्मी मित्रहरु ।**

बुटवल उपमहानगरपालिका, नगरसभाको १२औं अधिवेशनको यो गरिमामय बैठकमा म राष्ट्रियता, स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

संविधान कार्यान्वयन गर्नका लागि सबै तहका निर्वाचन सम्पन्न गर्नुहुने नेतृत्ववर्ग र सरकारप्रति उच्च सम्मान प्रकट गर्दछु ।

**उपस्थित महानुभावहरु,**

हामीहरु निर्वाचित भएर कार्यभार सम्हालेको पहिलो वर्षको मध्यतिर छौं । अहिलेको हाम्रो मूख्य कार्यभार भनेको चालू आर्थिक वर्षको बजेटलाई कार्यान्वयन गर्ने, चालु योजनाहरुलाई समयमै सम्पन्न गर्ने, बुटवलबासीहरुलाई सुशासन र विकासको अनुभूति दिलाउनु हो । त्यसको लागि हामी जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीका बीचमा एकैखालको बुझाई हुनु आवश्यक छ ।

हामी अहिले यस आर्थिक वर्षको नीति कार्यक्रम र बजेट कार्यान्वयनको अर्धवार्षिक समीक्षा र आयामी योजना निर्माण, कानून निर्माण र संसोधनको लागि यो सभामा उपस्थित भएका छौं । बुटवललाई समानता, स्वाभिमान र अवसरसहितको बस्नयोग्य शहरका रुपमा स्थापित गर्न र बुटवललाई आर्थिक केन्द्रका रुपमा मात्रै हैन, मानव संशाधनको दृष्टिबाट पनि उच्च क्षमताको जनशक्ति उत्पादन र खपत गर्ने मुख्य शहरका रुपमा स्थापित गर्न चाहन्छौं ।

**उपस्थित उपाध्यक्ष र सभाका सदस्यज्यूहरु,**

करीब एक करोड दश लाख वर्ष पूरानो आदिम मानव रामापिथेकसको अवशेष फेला परेको र नेपाल अंग्रेज युद्धमा विजय हासिल गरेको बुटवल प्राचीन, ऐतिहासिक, पर्यटकीय, व्यापारिक र व्यावसायिक

केन्द्रको रुपमा रहेको छ । यस शहरलाई नेपालकै महत्वपूर्ण शहरका रुपमा स्थापित गर्ने र प्रवर्द्धन गर्ने जिम्मेवारी हाम्रो काँधमा छ । हामी बुटवललाई शैक्षिक, व्यापारिक, औद्योगिक, पर्यटकीय, प्रविधियुक्त, स्वस्थ र अगुवा नगरका रुपमा स्थापित गर्न प्रयत्नरत छौं ।

निर्वाचित भएदेखि नै हामी सहमति, सहकार्य, एकता र मेलमिलापको मार्गमा अगाडि बढिरहेका छौं । **'बुटवल हामी सबैको र हामी सबै बुटवलको'** भन्ने भावनासहित समुन्नत विकास तथा देशकै सबल आर्थिक केन्द्र बनाउन निरन्तर लागिरहनेमा म यहाँहरुसमक्ष पुनः प्रतिबद्धता जनाउन चाहन्छु । सबै वडाहरुको सन्तुलित विकास गर्दै नगरबासीको साझा चौतारीको रुपमा बुटवल उपमहानगरपालिकालाई स्थापित गर्न हामी प्रयत्नरत छौं ।

बुटवललाई **'समानता, स्वाभिमान र अवसरसहितको बस्नलायक सहर'**का रुपमा रुपान्तरण गर्ने संकल्पका साथ हामीहरु यहाँका बासिंन्दा, राष्ट्रसेवक कर्मचारी, संघसंस्था, नागरिक समाज, सञ्चारकर्मी, उद्योगी व्यवसायीलाई साथसाथै लिएर नगरबासीको जनप्रतिनिधिसँगको पहुँचलाई सरल बनाउँदै बुटवलको उन्नति यात्रामा अघि बढिरहेका छौं ।

म यस सम्मानित सभामार्फत हामी जनताका सेवक हौं, यहीअनुरुप प्रतिबद्ध भएर समृद्ध बुटवल बनाउने अभियानको महायज्ञमा निरन्तर सेवाभावले लागिरहने प्रतिबद्धता व्यक्त गर्दछु । स्थानीय निर्वाचनमा बुटवलबासीले दिनुभएको अमूल्य मत, माया, सद्भाव र प्रेमलाई आफ्नो मन मस्तिष्कमा राखेर बुटवलबासी र बुटवलको हितलाई सर्वोपरि मानी आफ्नो क्षमता र विवेकले भ्याएसम्म निरन्तर समर्पित भई खटिइरहने प्रतिबद्धता जनाउँदछु ।

**उपस्थित उपाध्यक्ष र सभाका सदस्यज्यूहरु,**

हामी निर्वाचित भई २०७९ जेठ ९ गते पदस्थापन गरेपश्चात् नीति कार्यक्रम, वार्षिक बजेट पास गरी सोहीअनुसार योजना कार्यान्वयनको चरणमा रहेका छौं । वार्षिक बजेट पास भएलगत्तै योजना कार्यान्वयनको प्रक्रिया शुरु गर्न चाहेका थियौं, तर वर्षायाम, चाडपर्व र त्यसलगत्तैको प्रतिनिधि सभा र प्रदेशसभा निर्वाचन आचारसंहिताका कारणले सोंचेअनुसार कामहरु अघि बढ्न सकेनन् । योजना कार्यान्वयनका लागि केही ढिलो भएपनि अबका दिनमा अधिकतम समय योजना कार्यान्वयनमा खर्चिनु पर्नेछ । चालु आर्थिक वर्षमा सम्पन्न गर्ने भनिएका सबै योजनाहरु चालु आर्थिक वर्षभित्रै पूरा गरी आउँदो वर्षमा नयाँ योजना, नयाँ शैली र नयाँ अभियानका साथ अघि बढ्नेछौं ।

**उपस्थित उपाध्यक्ष र सभाका सदस्यज्यूहरु,**

यसअवसरमा म बुटवल उपमहानगरपालिकाले चालु आर्थिक वर्षको हालसम्म गरेका कार्यप्रगति तथा प्रयास यहाँहरूसमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**<u>यसअवधिमा हासिल भएका उपलब्धि तथा प्रयासहरु</u>**

१. चालु आर्थिक वर्षका लागि तय गरिएका योजनाहरु समयमै सम्पन्न गर्नका लागि नियमित रुपमा बैठक तथा कार्यादेश भइरहेको छ ।
२. बुटवल उपमहानगरपालिका वडा नं. १३ र १७ मा १६/१६ बेडका अक्सिजन सहितका दुई अस्पताल स्थापनाका लागि टेण्डर आह्वान गरी सम्झौता भइसकेको छ ।
३. **उज्यालो बुटवल अभियान** अन्तरगत बुटवलका ५२ वटा स्थानमा उच्च क्षमताका सडक बत्ती जडानका लागि प्रस्ताव तयार गरी संघीय सरकारमा पठाइएको छ ।
४. संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदानका लागि बुटवलका पछाडि परेका ६ वटा विद्यालयको स्तरोन्नति तथा क्षमता वृद्धिका लागि १० करोड रुपैयाँको प्रस्ताव पेश गरिएको छ ।
५. बुटवल-१५ सेमलारमा नेपालकै आधुनिक र व्यवस्थित कृषि बजार केन्द्र स्थापना गर्ने कामका लागि इआइए (EIA) अन्तिम चरणमा पुगेको छ ।

६. बुटवल उपमहानगरपालिका वडा नं.७ र ८ मा रहेको धागो कारखानादेखि उत्तरतर्फको २५ विगाहा जग्गा प्रदेश स्तरको हरियाली बसपार्क निर्माणका लागि शिवनगर सामुदायिक वनसँग सहमति प्राप्त भई आवश्यक प्रक्रिया अगाडि बढाइएको छ ।

७. लामो समयसम्म विवादमा रहेको मोतीपूर औद्योगिक क्षेत्रमा जग्गा यकिन गरी व्यवस्थापन गर्न ड्रोन प्रविधिबाट जग्गा नापजाँच गर्ने कार्य सम्पन्न भएको छ ।

८. नगरभित्रको जग्गालाई कृषि र गैह्रकृषि क्षेत्र छुट्याउने कार्यका साथै कित्ताकाट खुला गर्ने काम भएको छ ।

९. लामो समयसम्म बुटवल उपमहानगरपालिका क्षेत्रभित्र बसोबास गरेपनि बसोबासको कुनै प्रमाण नभएकाहरूलाई बसोबासको प्रमाणपत्र प्रदान गर्न सूचना जारी गरी प्रमाणपत्र वितरणको लागि प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

१०. उपमहानगर क्षेत्रभित्र सडक तथा सार्वजनिक स्थलमा अव्यवस्थित रुपमा रहेका ठेला व्यवसाय र अन्य व्यवसाय तथा सामग्री हटाई व्यवस्थित गर्ने कार्य अगाडि बढेको छ ।

११. बुटवल उपमहानगरपालिकाबाट इजाजत प्राप्त नगरेका ई-रिक्साहरुलाई सञ्चालनमा रोक लगाउँदै इजाजत प्राप्त भएका ई-रिक्साहरुलाई नियमन तथा व्यवस्थापन गर्ने कार्य निरन्तर चलिरहेको छ ।

१२. सडकपेटीमा लगाउदै आएका हरेक खालका व्यवसायलाई व्यवस्थित गर्दै हाटबजारभित्र व्यवस्थापन गर्ने कार्य अगाडि बढाइएको छ ।

१३. नियमित रुपमा बजार अनुगमन गर्दै उपभोक्ताको हित र अधिकारको संरक्षणका लागि निरन्तर अभियान सञ्चालन भएको छ ।

१४. तिनाउ नदी किनारका बस्तीमा बाढीले जोखिम पुऱ्याउनबाट रोक्नका लागि नदीको विभिन्न स्थानमा च्यानलाइज गर्ने कार्यको प्रक्रिया थालनी भएको छ । नदीको विभिन्न ठाउँमा तारजाली लगाउने कार्यलाई निरन्तरता दिइएको छ ।

१५. ज्योतिनगर-लक्ष्मीनगर तथा पाखापानी पहिरोबाट प्रभावित क्षेत्रलाई गएको वर्षायाममा जोखिममुक्त बनाउने काम सफल भएको छ । साथै, आगामी वर्षायाममा जोखिम न्यूनीकरण गर्न बजेट व्यवस्थापन गरिसकिएकोले छिटै टेण्डर प्रक्रियामा जाने तयारी रहेको छ ।

१६. आम्दा अस्पतालमा पारा मेडिकल र नर्सिङ विषयको प्रविणता प्रमाणपत्र तहको कक्षा सञ्चालन, फार्मेसी ल्याब र थेरापी अध्ययनका लागि काम अघि बढेको छ ।

१७. बुटवल टेक्निकल ईन्स्टिच्युटमा सिभिल इन्जिनियरिङतर्फ स्नातक तहको अध्ययन आरम्भका लागि भौतिक पूर्वाधार तयार गर्ने काम अघि बढेको छ ।

१८. बुटवल-१६ मा कृषिविज्ञान (बी.एस्सी.एजी.) कलेज स्थापनाका लागि आवश्यक प्रकिया अगाडि बढाइएको छ ।

१९. बुटवल उपमहानगरपालिका, नगरविकास कोष र मल्टि डेफोर्ट हार्मोनिक जेभीसँग बहु तले पार्किङ भवन निर्माणका लागि परामर्शदातासँग सम्झौता भई आवश्यक प्रकिया अघि बढेको छ।

२०. बुटवल-७ शिवनगरमा छाडा चौपाया व्यवस्थापनका लागि कार्यविधि तयार गरी प्रकिया अन्तिम चरणमा पुगेको छ ।

२१. रोजगारदाता र रोजगार व्यक्तिबीच समन्वयको काम गर्ने र श्रम सम्बन्धी सहजीकरणका लागि श्रमबैंक स्थापना गर्न कार्यविधि बनाइएको छ ।

२२. बुटवलको कालिकापथमा रात्रीकालीन बजार सञ्चालनका लागि अनुमति दिइएको छ । ट्राफिकचोक र अमरपथ क्षेत्रमा रात्रीकालीन बजार सञ्चालनका बारेमा अध्ययन भइरहेको छ ।

२३. राजमार्ग चौराहादेखि चिडियाखोलासम्मको ६ लेन सडक निर्माण कार्य छिटै सम्पन्न गर्न सहजीकरण र समन्वय गर्ने काम निरन्तर भइरहेको छ ।

२४. बुटवलको बस्तीमाथि रहेको विद्युत प्रशारण लाईन बस्तीक्षेत्रबाट हटाउन र बुटवलमा विद्युतीय तार भूमिगत बनाउनका लागि नेपाल विद्युत प्राधिकरणसँग छलफल गरी आवश्यक प्रक्रिया अघि बढाइएको छ ।

२५. पूर्व पश्चिम राजमार्गस्थित तिनाउ पुललाई विस्थापित गरी पर्यटकीय पार्कसहितको सिग्नेचर ब्रिज निर्माणका लागि विश्व बैंकसँग छलफल र वार्ता गरी आवश्यक प्रकिया अघि बढाइएको छ ।

२६. बुटवलको खानेपानी समस्या समाधानका लागि हिलपार्कमा खानेपानी ट्यांकी निर्माण गर्ने र चिडियाखोला खानेपानीको निर्मलीकरण गर्ने गरी प्लान्ट स्थापना गर्नका लागि सर्भे गर्ने कार्य अघि बढेको छ र नेपाल खानेपानी संस्थान बुटवलले यसैवर्ष टेण्डर गर्ने गरी लिखित प्रतिबद्धता प्राप्त भइसकेको छ ।

२७. बुटवल-११ मा वीपी-पुष्पलाल-सूर्यप्रसाद प्रधान पार्क निर्माणको लागि डीपीआर अन्तिम चरणमा पुगेको छ ।

२८. बुद्धनगर पुलदेखि झोलुंगे पुलसम्म पक्की सडक निर्माण कार्यका लागि सम्झौता भइसकेको छ।

२९. बुटवल नगरभित्रको विभिन्न स्थानका १७ किलोमिटर सडक स्तरोन्नति गर्ने कार्यका लागि सर्भे सम्पन्न भईसकेको छ र एडीबीबाट यसै वर्ष ठेक्का प्रकिया अगाडि बढाउने तयारी रहेको छ ।

३०. बहु तले र व्यावसायिक भवन निर्माणका लागि डीपीआर तयार गर्ने गरी आवश्यक प्रक्रिया अघि बढाइएको छ ।

३१. कोभिड-१९ विरुद्ध खोप लगाएका नागरिकहरुलाई वैदेशिक प्रयोजनका लागि आवश्यक पर्ने क्युआर कोड ११ हजार १ सय ९ जनालाई उपलब्ध गराइएको छ ।

३२. बुटवल क्षेत्रभित्रका सरकारी कार्यालयहरुसँग समन्वय र सहकार्यका लागि नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतसहितको टिमले निरन्तर छलफल गर्ने र सहजीकरण गर्ने कार्य भइरहेको छ ।

३३. चालू आर्थिक वर्षका लागि सम्पत्ति कर र घरबहाल कर, ईरिक्सा कर, हाटबजार बैठकी कर, महिला, अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिले सञ्चालन गरेका व्यवसायमा लाग्ने कर छुट कार्यान्वयन गरिएको छ । साथै, राजमार्ग चौराहादेखि चिडियाखोलासम्मको सडक निर्माण कार्य समयमा सम्पन्न नहुँदा राजमार्गतर्फ पसल राखी व्यवसाय गर्न कठिनाई भोग्नुपरेका व्यवसायीहरुलाई व्यवसायमा लाग्ने कर छुट कार्यान्वयन गरिएको छ ।

३४. ज्योतिनगर पहिरो प्रभावित क्षेत्रका संरचनाहरुमा सम्पत्ति कर असुली गर्दा सम्पत्ति मूल्यांकनमा लाग्ने कर घटाई कर छुट कार्यान्वयन गरिएको छ ।

३५. बुटवलका स्थायी बासिन्दाको लागि आमा र नवजात शिशुलाई पोषण खर्चवापत रु २ हजार रुपैयाँ दिने व्यवस्था गरिएकोमा कार्यविधि बनाइ कार्यान्वयनको चरणमा रहेको छ ।

३६. बुटवल शहरलाई भुगोलले पनि साथ दिएको छ । उत्तरमा धार्मिक तथा पर्यटकीय स्थल मुक्तिनाथ र कोरला नाका सिमाना तथा दक्षिणतर्फ विशाल छिमेकी मुलुक भारत रहेको छ । यो हामीहरुलाई भुगोलले दिएको सम्पत्ति हो । यहाँको उद्योग, पर्यटन र स्वास्थ्य क्षेत्रलाई कसरी टेवा पुऱ्याउने विपन्न लक्षित वर्गलाई कसरी उत्थान गर्ने भन्ने तर्फ हामी सजग र सचेत छौं । अन्त्यमा बुटवलको उन्नति र प्रगतिका निम्ति सहकार्य गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सकारात्मक र रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गर्दछु ।

खेलराज पाण्डेय
नगर प्रमुख

धन्यवाद

**प्रस्ताव नं.१२.१**
**नगरक्षेत्र भित्रको भुमि वर्गीकरण सम्बन्धमा ।**
**निर्णय नं. १२.१**

अब म आजको कार्यसूची नं.१ मा रहेको बुटवल उपमहानगरपालिका क्षेत्रभित्रको जग्गाको क्षेत्र वर्गीकरण गर्ने सम्बन्धमा भु-उपयोग ऐन, २०७६ को दफा १८ बमोजिम गठित स्थानीय भु-उपयोग परिषद्को मिति २०७९।०८।१८ र २०७९।०८।२२ मा बसेको बैठकबाट भएका निर्णयहरु संक्षिप्त रुपमा यस सम्मानित सभा समक्ष राख्न चाहान्छु ।

क) बुटवल उपमहानगरपालिका वडा नं. १ देखि १३ तथा वडा नं. १९ को सम्पूर्ण जग्गाहरुलाई गैह्रकृषि क्षेत्र कायम गरिएको ।

ख) बुटवल उपमहानगरपालिका अन्तर्गतका वडा नं. १४ देखि १९ सम्मका वडाहरुमा आफ्नो जग्गा कृषि क्षेत्रमा राख्न चाहने जग्गाधनीहरुलाई निवेदन पेश गर्नको लागि गरिएको अनुरोध बमोजिम वडाहरुबाट सिफारिस सहित प्राप्त वडा नं. १४ का १३ जना, वडा नं. १५ का ११ जना, वडा नं. १६ का २८ जना तथा वडा नं. १७ का १ जना व्यक्तिको नाममा रहेको जग्गालाई कि.नं. र क्षेत्रफल समेत खुलाई कृषि क्षेत्र कायम गर्ने निर्णय गरिएको ।

ग) बुटवल उपमहानगरपालिका वडा नं. १४ देखि १८ का वडाहरुबाट सडकको बिवरण सहित गैह्रकृषि क्षेत्र कायम गर्नको लागि प्राप्त विवरण बमोजिम वडा नं. १४ का ८१ वटा सडक, वडा नं. १५ का १६१ वटा सडक, वडा नं. १६ को २८ जनाको कृषि क्षेत्रको जग्गा बाहेकको सम्पूर्ण जग्गा, वडा नं. १७ को ७० वटा सडक तथा वडा नं. १८ को ३२ वटा सडकको दायाँ बायाँ १०० मीटर सम्मको र वडा नं. १८ को तिनाउ खोला देखि पूर्व तर्फ बुटवल उपमहानगरपालिका क्षेत्र भित्र पर्ने सम्पूर्ण जग्गाहरुलाई गैह्रकृषि क्षेत्र कायम गर्ने निर्णय गरिएको ।

अब म भर्खर सभा समक्ष प्रस्तुत निर्णयहरु समर्थनका लागि समेत प्रस्ताव गर्दछु ।

अव यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने सदस्यहरुले "हुन्न" भन्नुहोला ।

- प्रस्तावको पक्षमा हुनेले "हुन्छ" भन्नुहोस ।
- प्रस्तावको विपक्षमा हुनेले "हुन्न" भन्नुहोस ।

यस प्रस्तावको पक्षमा सर्वसम्मत भएको हुँदा बुटवल उपमहानगरपालिका क्षेत्रभित्रको जग्गाको क्षेत्र वर्गीकरण गर्ने सम्बन्धमा भु-उपयोग ऐन, २०७६ को दफा १८ बमोजिम गठित स्थानीय भु-उपयोग परिषद्को मिति २०७९।०८।१८ र २०७९।०८।२२ मा बसेको बैठकबाट भएका निर्णयहरु सर्व सहमतिका साथ समर्थन भएको घोषणा गर्दछु ।

**प्रस्ताव नं.१२.२**
**नगरकार्यपालिका वैठकबाट भएका निर्णयहरु स्वीकृत सम्बन्धमा ।**
**निर्णय नं. १२.२**

अव म आजको कार्यसूची नं. २ सम्बन्धमा थप स्पष्ट पार्न चाहान्छु । गत आ.व. ०७८/०७९ को अन्तिम अर्थात मिति २०७९।३।२१ मा हामी निर्वाचित भएर आए पश्चात पहिलो बजेट अधिवेशनको रुपमा बार्षिक बजेट पारित गरेका थियौ । तत्पश्चात २०७९ श्रावण देखि नयाँ आर्थिक बर्ष प्रारम्भ भएको र नगरसभा पछि विभिन्न मितिहरुमा नगरकार्यपालिकाका वैठकहरु बसी निर्णय लिइएको छ । उक्त निर्णयहरु महाशाखा/शाखा/सबै वडा कार्यालयहरु र Website मार्फत पनि सार्वजनिक गरिने गरिएको छ । नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरुको समीक्षा गरेर मात्र नगर कार्यपालिकाको बैठक बस्ने गरेको व्यहोरा समेत यस सम्मानित सभा समक्ष राख्न चाहान्छु। यसरी गरिएका निर्णयहरु सार्वजनिक भए तापनि पारदर्शिताका लागि यस सम्मानित सभाबाट स्वीकृत हुनुपर्ने भएकोले मिति २०७९।४।१ गते देखि २०७९।९।२० गते सम्ममा नगरकार्यपालिका बैठकबाट भएका सम्पूर्ण निर्णयहरु अनुमोदनका लागि प्रस्ताव गर्दछु ।
अव यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने सदस्यहरुले "हुन्न" भन्नुहोला ।

- प्रस्तावको पक्षमा हुनेले "हुन्छ" भन्नुहोस ।
- प्रस्तावको विपक्षमा हुनेले "हुन्न" भन्नुहोस ।

यस प्रस्तावको पक्षमा सर्वसम्मत भएको हुँदा मिति २०७९।४।१ गते देखि २०७९।९।२० गते सम्ममा नगरकार्यपालिका बैठकबाट भएका सम्पूर्ण निर्णयहरु अनुमोदन भएको घोषणा गर्दछु।

**प्रस्ताव नं.१२.३**
**नगर स्वास्थ्य ऐन, २०७५ मा संशोधन सम्बन्धमा ।**
**निर्णय नं. १२.३**

सभाध्यक्षज्यूको अनुमति बमोजिम विधेयक समितिका संयोजक श्री नरेन्द्र बस्नेतले नगर स्वास्थ्य ऐन, २०७५ माथि संशोधनका लागि संशोधन प्रस्ताव सभा समक्ष टेवुल गर्नुभयो ।

आजको कार्यसूची नं.३ अन्तर्गत रही यस सभा समक्ष प्रस्तुत भई टेवुल भएको नगरस्वास्थ्य ऐन, २०७५ माथिको संशोधन प्रस्ताव २०७९ माथि आगामी नगरसभाको बाह्रौ अधिवेशनको दोस्रो वैठकमा छलफल गरिने भएको हुँदा उक्त संशोधन प्रस्ताव माथिको छलफलमा भाग लिन् चाहनु हुने सदस्यज्यूहरुलाई सचिवालयमा नाम टिपोट गराउन अनुरोध गर्दछु ।

पूर्व निर्धारित कार्यक्रम अनुसार आजको कार्यसूची बमोजिमका विषयहरु सभा समक्ष टेवुल एवं प्रस्तुती गर्ने क्रम समाप्त भएको हुँदा नगरसभाको बाह्रौ अधिवेशनको दोस्रो वैठक मिति २०७९ साल माघ महिनाको ११ गते दिनको ११ बजे पुन: बस्ने गरी सो समयसम्मका लागि यो सभाको पहिलो बैठक यहि स्थगित भएको घोषणा गर्दछु ।